**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं २९ गते सोमबार ❑ 14 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## युवाशक्ति पलायनले श्रमशक्ति अभावको चुनौती बढ्दो, जनसाङ्ख्यिक लाभ उपयोग गर्न विज्ञको सुझाव

**रासस**
काठमाडौं, २८ भदौं

जनसङ्ख्या क्षेत्रका विज्ञहरूले बढ्दो आन्तरिक तथा बाह्य बसाइँसराइका कारण युवाशक्ति पलायन हुँदा श्रमशक्तिको अभाव र उत्पादनशील क्षेत्रमा अपेक्षित आर्थिक उपार्जन गर्न चुनौती थपिएको बताएका छन् ।

नेपालको बदलिँदो जनसाङ्ख्यिक संरचनालाई उचित नीतिगत सम्बोधन गर्दै उपलब्ध जनसाङ्ख्यिक लाभको अधिकतम उपयोग गर्न सके समाजवाद निर्माणको आधार भने बलियो हुने विज्ञहरुको भनाइ छ ।

घट्दो जन्मदर, बढ्दो ज्येष्ठ नागरिकको सङ्ख्या, युवा जनसंख्याको बाहुल्यता तथा आश्रित जनसङ्ख्यामा आएको परिवर्तनलाई अवसरका रूपमा उपयोग गर्नुपर्नेमा उनीहरूले जोड दिएका हुन् । नीति अध्ययन तथा अनुसन्धान प्रतिष्ठान (इन्स्पायर) को बहस शृङ्खलाअन्तर्गत आज आयोजित कार्यक्रममा 'बसाइँसरइले नेपाली समाजमा ल्याएको संरचनागत परिवर्तन र यसले नेपालमा समाजवाद निर्माणमा पार्ने प्रभाव विश्लेषण' तथा 'नेपाली समाजवादी दृष्टिकोणमा बदलिँदो जनसांख्यिक संरचना' विषयक कार्यपत्र प्रस्तुत गर्दै विज्ञहरूले यस्तो धारणा व्यक्त गरेका हुन् ।

त्रिभुवन विश्वविद्यालय जनसङ्ख्या अध्ययन केन्द्रीय विभागका सहप्राध्यापक पद्मप्रसाद खतिवडाले बसाइँसराइको बृहत्तर र बहुआयामिक सम्बन्धलाई बुझेर मात्र समाजवादको आगामी दृष्टिकोण निर्माण गर्न सहज हुने बताउनुभयो । उहाँले समाजवादले रोजगारी, समानता, सामाजिक स्वामित्व तथा उत्पादनका साधनमा पहुँच सुनिश्चित गर्नुपर्ने उल्लेख गर्दै नेपालमा कृषि, उद्योग, शिक्षा, स्वास्थ्य र पूर्वाधारमा राज्यको भूमिका अझ प्रभावकारी हुनुपर्ने बताउनुभयो । "असमानता, भ्रष्टाचार, सिन्डिकेट, सार्वजनिक सेवाको व्यापारीकरण तथा वातावरणीय र राजनीतिक विषयलाई नीतिगत रूपमा सम्बोधन नगरेसम्म समाजवादको आधार निर्माण हुन सक्दैन", कार्यपत्रमा उल्लेख छ ।

खतिवडाले स्वेच्छिक तथा बाध्यकारी बसाइँसराइका कारण नेपालको जनसांख्यिक सन्तुलनमा असर परेको बताउनुभयो । रोजगारी, सुरक्षित आवास, प्राकृतिक प्रकोप तथा द्वन्द्वलगायत कारणले नेपालमा बसाइँसराइका प्रवृत्ति विकसित भएको उहाँको भनाइ छ । उहाँका अनुसार तत्कालीन माओवादीले सशस्त्र द्वन्द्व सुरु गर्दा विसं २०५२ मा वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने नेपालीको संख्या तीन हजार २५९ रहेकामा द्वन्द्वको एक दशकमा यो संख्या बढेर एक लाख ६५ हजार १०३ पुगेको थियो ।

उहाँले विसं १८१६ को सुगौली सन्धिपछि औपचारिक रूपमा नेपालको वैदेशिक बसाइँसरइ सुरु भएको उल्लेख गर्दै वैदेशिक रोजगारीमा भारतको हिस्सा क्रमशः घट्दै गएको बताउनुभयो । उहाँका अनुसार २०३८ सम्म वैदेशिक रोजगारीमा भारतको हिस्सा ९५ प्रतिशत रहेकामा विसं २०७८ सम्म आइपुग्दा ३७.५ प्रतिशतमा झरेको छ । खाडी मुलुक तथा मलेसियातर्फ नेपाली श्रमिक आकर्षित हुनु यसको प्रमुख कारण रहेको उहाँले बताउनुभयो ।

देशभित्र कूल जनसङ्ख्याको करिब ३७ प्रतिशत मानिस आफू जन्मेको स्थानमा नरहेको तथ्य प्रस्तुत गर्दै उहाँले महिलाको बसाइँसराइ विवाहका कारण बढी देखिए पनि पुरुषहरू रोजगारी, अध्ययन तथा सहज जीवनयापनका लागि पहाडबाट तराई तथा सहरतर्फ जाने क्रम बढेको बताउनुभयो । "पहाड र हिमालबाट युवा जनशक्ति अन्यत्र पलायन हुँदा त्यहाँको उत्पादन सम्बन्धमा समेत उथलपुथल भएको छ, जसले समाजवादको लक्ष्य प्राप्तिमा अवरोध सिर्जना गरेको छ", उहाँले भन्नुभयो । बसाइँसराइले समाज, अर्थतन्त्र र विकास, स्थानीय समुदाय तथा आप्रवासी व्यक्ति र तिनका परिवार गरी मुख्यतः तीन तहमा प्रभाव पारिरहेको छ ।

त्रिभुवन विश्वविद्यालय जनसङ्ख्या अध्ययन केन्द्रीय विभागका प्रमुख योगेन्द्रबहादुर गुरुङले 'नेपाली समाजवादी दृष्टिकोणमा बदलिँदो जनसांख्यिक संरचना' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

उहाँले नेपालको बदलिँदो जनसाङ्ख्यिक संरचनालाई राज्यले नीतिगत रूपमा सम्बोधन गर्दै त्यसलाई समृद्धि र समाजवाद निर्माणको आधार बनाउनुपर्ने बताउनुभयो । जनसङ्ख्यालाई केवल संख्याका रूपमा नभई स्रोत, साधन र साध्यका रूपमा हेर्नुपर्ने उहाँको भनाइ छ । कार्यपत्रमा जनसङ्ख्याको आकार भन्दा समाज, भौगोलिक अवस्था र उत्पादन सम्बन्धले जनसङ्ख्याको उपयोगिता निर्धारण गर्ने उल्लेख गरिएको छ । सन् १९९४ सम्म विश्वमा जनसंख्यालाई मुख्यतः संख्याका रूपमा हेर्ने गरिएकोमा कायरो सम्मेलनपछि मानिसका रूपमा हेर्न थालिएको कार्यपत्रमा उल्लेख छ ।

## मुस्ताङ भन्सारमा पन्ध्र दिनमै एक अर्ब ७८ करोड राजस्व

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २८ भदौं



नेपाल-चीन उत्तरी कोरलानास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयबाट १५ दिनमै रु एक अर्ब ७८ करोड ४४ लाख राजस्व सङ्कलन भएको छ ।

रसुवाको भोटेकोशीमा गएको बाढीका कारण (रसुवागढी-केरुङ)नाका पूर्ण रूपमा बन्द भएसँगै मुस्ताङ भन्सार कार्यालयमा चीनबाट मालवस्तुको पैठारी ह्वात्तै बढेको छ । भन्सार प्रमुख बिदुर चुडालका अनुसार रसुवागढी-केरुङनाका र तातोपानीनाका पूर्ण रूपमा बन्द भएपछि मुस्ताङको कोरलानाकाबाट चिनियाँ मालवस्तु पैठारीको क्रम बढ्दो रहेको उल्लेख गर्नुभयो । शुक्रबार मात्रै मुस्ताङ भन्सार कार्यालयले एकैदिन रु २७ करोड ११ लाख राजस्व सङ्कलन गरेको छ ।

भदौ २२ पछि मुस्ताङ भन्सारबाट दैनिक औसत रु ३० करोड हाराहारीमा राजस्व सङ्कलन हुने गरेको प्रमुख चुडालको भनाइ छ ।

प्रमुख चुडालका अनुसार शुक्रबारमात्रै ७१ कन्टेनर र १०६ विद्युतीय सवारीसाधन (इभी) को भन्सार जाँचपास भई गन्तव्यतर्फ प्रस्थान गरेका छन् । रसुवागढीनाका बन्द भएको भदौ १० गतेपछि भदौ २५ गते शुक्रबारसम्म कोरलानाकाबाट नेपाल भित्रिएका ४३४ वटा कन्टेनर र ६४१ वटा विद्युतीय सवारीसाधनको भन्सार कार्यालयमा जाँचपास गराइएको उहाँले बताउनुभयो ।

चालु आव २०८३/८४ को साउनदेखि भदौ २५ गतेसम्म कोरलानाका हुँदै नेपाल भित्रिएका कन्टेनर र विद्युतीय सवारीसाधनको भन्सार जाँचपास गरिँदा रु दुई अर्ब ३१ करोड ४४ लाख राजस्व सङ्कलन भएको भन्सार प्रमुख चुडालले बताउनुभयो । भदौ ९ गतेसम्म १३३ कन्टेनर र १६३ वटा विद्युतीय सवारी नेपाल भित्रिएका थिए । विसं २०८२ भदौअघि उपल्लो मुस्ताङका नागरिकका लागिमात्रै बाह्रै महिना खुला गरिएको कोरलानाका गत वर्ष तातोपानी र रसुवागढीनाका बाढीपहिरो तथा नदी कटानले सडक अवरुद्ध भएपछि नेपाल सरकारले गत वर्षको भदौ ३१ गतेदेखि कोरलानाकालाई वैकल्पिक रूपमा निकासी तथा पैठारी नाकाका रूपमा खुला गरेको थियो । भन्सार प्रमुख चुडालका अनुसार गत आव २०८२/८३ मा उत्तरी कोरलानाकाबाट भएको निकासी तथा पैठारीबाट मुस्ताङ भन्सारले रु छ अर्ब ९२ करोडको राजस्व सङ्कलन गरेको थियो ।

त्यस वर्ष पैठारीतर्फ रु १४ अर्ब ४१ करोड र निकासीतर्फ रु २० करोड ५० लाखबराबरको मालवस्तुको कारोबार भएको थियो । गत वर्ष कोरलानाका हुँदै तीन हजार २२३ वटा विद्युतीय सवारी र एक हजार ८७३ वटा कन्टेनरको जाँचपास गरिएको थियो ।

## कास्कीका २५ बालगृहले भोटेकोशी बाढी प्रभावित १७० बालबालिकाको व्यवस्थापन गर्न तयार

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं




भोटेकोशी तथा रसुवा, नुवाकोट र धादिङलगायत जिल्लामा आएको बाढीबाट प्रभावित बालबालिकाको दीर्घकालीन संरक्षण र व्यवस्थापनका लागि कास्कीका २५ वटा बालगृह तयार भएका छन् । आपत्कालीन अवस्थासहित कास्कीमा हाल बढीमा १ सय ७० जना बालबालिकालाई व्यवस्थापन गर्न सक्ने बालगृह सञ्जाल कास्कीले आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराएको हो । विपद्का कारण अभिभावकविहीन वा जोखिममा परेका बालबालिकालाई आवश्यक प्रक्रिया पूरा गरी अन्तिम विकल्पका रूपमा बालगृहमा दीर्घकालीन संरक्षण गर्न सकिने सञ्जालका संस्थापक अध्यक्ष भीष्मराज पौडेलले बताउनु भयो ।

कास्कीका बालगृहमा हाल विभिन्न कारणले संरक्षणमा रहेका बालबालिकामध्ये बाबु वा आमा मात्रै भएका, दुवै अभिभावक नभएका, अभिभावक भएर पनि अत्यन्त कठिन अवस्थामा रहेका तथा अभिभावकको पहिचान नभएका बालबालिका छन्। बालगृहबाट हालसम्म १ हजार ३ सयभन्दा बढी बालबालिका परिवार तथा समुदायमा पुनःस्थापित भइसकेकोले केही बालगृहमा सिट क्षमता रहेको कारणले गर्दा पनि केही बालबालिका कास्कीमा व्यबस्थापन गर्न सकिने भएको संस्थापक अध्यक्ष एवं नमस्ते कम्युनिटी फाउन्डेसनका संचालक पौडेलले जनाउनुभयो ।


राष्ट्रिय बाल अधिकार समन्वय परिषद गण्डकीका समन्वय अधिकृत बद्रीप्रसाद वाग्लेले कास्कीमा सञ्चालित बालगृहहरूले सरकारबाट तोकिएका १८ वटा न्यूनतम मापदण्ड पालना गर्दै आएको बताउनु भयो । कास्कीका बालगृहमा केही सिट खाली रहेकाले नियमित क्षमताबाहेक आपत्कालीन अवस्थासमेत गरी १ सय ७० जना बालबालिकालाई व्यवस्थापन गर्न सकिने अवस्था रहेको उहाँले बताउनुभयो ।

नियमित रूपमा भने करिब १ सय ६ जना बालबालिका राख्न सकिने क्षमता रहेको उहाँको भनाइ छ । कास्कीमा हाल २५ वटा बालगृह सञ्चालनमा छन्। तीमध्ये ३ वटा बालगृह प्रक्रिया पूरा गर्ने क्रममा रहेका छन् भने अधिकांश नाफारहित संस्थाका रूपमा बालबालिकाको संरक्षणमा क्रियाशील छन्। बालगृहमा बालमैत्री वातावरण, शिक्षा, स्वास्थ्य, मनोसामाजिक परामर्श, मनोरञ्जन तथा संरक्षणलाई प्राथमिकता दिइएको सञ्जालले जनाएको छ । बालगृह सञ्जालका सचिव प्रकाश गिरीका अनुसार २५ वटा बालगृहमध्ये हिमालयन लाइफ नेपालमा २० जना र एसोसिएसन अन्नपूर्णमा २ जना बालबालिका थप व्यवस्थापन गर्न सकिने क्षमता छ । कास्कीबाट हालसम्म करिब १ हजार ३ सय बालबालिका पुनःस्थापना भइसकेको उहाँले जानकारी दिनुभयो ।

हालैको विपद्मा सयौं बालबालिकाअभिभावकविहीनतथा विद्यालयबाट टाढिनुपर्ने अवस्थामा पुगेको भन्दै सञ्जालले त्यस्ता बालबालिकाको संरक्षणमा राज्यका निकायसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएको छ । विपद् प्रभावित क्षेत्रमा पुगेर कास्कीका विभिन्न बालगृहको तर्फबाट करिब ६ लाख रुपैयाँ बराबरको आवश्यक राहत सामग्री उपलब्ध गराउने तयारी समेत रहेको सञ्जालका महासचिव रमिला श्रेष्ठले बताउनु भयो । त्यसैगरी प्रधानमन्त्री राहत कोषमा बालगृह सञ्जालका संस्थापक अध्यक्ष एवं नमस्ते कम्युनिटी फाउन्डेसनले २० लाख रुपैयाँ तथा अन्य बालगृहले ८ लाख रुपैयाँ सहयोग गरिसकेको र सहयोगको क्रम जारी रहेको जनाइएको छ । विपद्का बेला बालबालिकाको फोटो तथा भिडियो सार्वजनिक गर्ने, सूचना समन्वय गर्ने र स्रोत-साधन व्यवस्थापन गर्ने विषयमा चुनौती रहेको अध्यक्ष शोभा पहारीले बताउनु भयो । उहाँले बालबालिकाको सुरक्षालाई सबै पक्षले गम्भीरतापूर्वक लिनुपर्ने बताउनुभयो । बालबालिकाको संरक्षण सरकारको मात्रै नभई सबैको साझा जिम्मेवारी भएको पहारीको भनाई छ ।बालबालिकालाई होल्डिङ सेन्टरबाट आवश्यक पहिचान र प्रक्रिया पूरा गरेर मात्रै व्यवस्थापन गर्नुपर्ने तथा बालगृहमा राख्नु अन्तिम विकल्प हुनुपर्नेमा समेत सञ्जालले जोड दिएको छ ।

बालबालिकाको अवैध ओसारपसार रोक्न तथा उनीहरूको पहिचान र पारिवारिक पुनर्मिलनलाई प्राथमिकता दिनुपर्ने गैसस महासंघका केन्द्रिय सदस्य एवं प्रादेशिक बालअधिकार समिति सदस्य विजयकुमार प्रधानले बताउनु भयो । बालगृहमा रहेका बालबालिकाको संरक्षणलाई दिगो र दीर्घकालीन बनाउन सरकारी तथा गैरसरकारी निकायसँग सहकार्य आवश्यक रहेको अध्यक्ष पहारीले बताउनुभयो । कार्यक्रममा सल्लाहकार गोमा ढकाल लगायतको उपस्थिति रहेको थियो ।


**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मिडिया कप फुटसलको बचत रकम भोटेकोशी बाढी प्रभावितलाई सहयोग गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

कल्प मिडिया एण्ड मल्टिपर्पोज प्रालिको आयोजनामा आगामी असोज २ र ३ गते पोखरामा हुने गण्डकी प्रदेशस्तरीय 'मिडिया कप फुटसल प्रतियोगिता-२०८३' बाट बचत भएको रकम भोटेकोशी बाढी प्रभावितको राहत कोषमा सहयोग गरिने भएको छ।

आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा आयोजक कल्प मिडियाका अध्यक्ष सुरज श्रेष्ठले पत्रकार बीच आपसी सम्बन्ध विस्तारसँगै सामाजिक उत्तरदायित्वलाई समेत प्राथमिकता दिँदै प्रतियोगिताबाट बचत हुने रकम बाढी प्रभावितका लागि सहयोग गर्ने निर्णय गरिएको जानकारी दिनुभयो।

श्रेष्ठका अनुसार प्रतियोगिताको प्रारम्भिक उद्देश्य क्रियाशील पत्रकारको हित र खेलकुदमार्फत पत्रकार बीचको सम्बन्ध विस्तार गर्नु रहे पनि देशमा पछिल्लो समय आएको विपद्को अवस्थालाई मध्यनजर गर्दै प्रतियोगिताबाट प्राप्त बचत रकम राहतका लागि प्रयोग गर्ने निर्णय गरिएको हो। पोखरा रंगशालास्थित बहुउद्देश्यीय खेल मैदानमा सञ्चालन हुने प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको श्रेष्ठले बताउनु भयो। प्रतियोगिता प्रदेशस्तरीय भए पनि खेलकुद पत्रकार बीचको सम्बन्ध थप विस्तार गर्ने र प्रतियोगिताको दायरा फराकिलो बनाउने उद्देश्यले खुला सहभागिताको अवधारणा अघि सारिएको अध्यक्ष श्रेष्ठले उल्लेख गर्नुभयो। प्रतियोगितामा सूचना विभागको परिचयपत्र भएका तथा नेपाल पत्रकार महासंघ वा नेपाल खेलकुद पत्रकार मञ्चमा आबद्ध जुनसुकै जिल्लाका पत्रकार खेलाडीले सहभागिता जनाउन पाउने व्यवस्था गरिएको छ। पत्रकारितामा सक्रिय भए पनि परिचयपत्र नभएका खेलाडीले भने सम्बन्धित नेपाल पत्रकार महासंघको जिल्ला शाखा वा नेपाल खेलकुद पत्रकार मञ्चबाट सिफारिस ल्याउनुपर्नेछ। गण्डकी प्रदेशबाहिरका जिल्लाबाट समेत पत्रकार खेलाडीले प्रतियोगितामा सहभागी हुन इच्छा देखाएपछि उनीहरूलाई गण्डकी प्रदेशभित्रका जिल्लाबाट प्रतिनिधित्व गराउँदै प्रतियोगितामा सहभागी गराउने व्यवस्था गरिएको आयोजकले जनाएको छ।

प्रतियोगितामा कास्कीबाहेक अन्य जिल्लाबाट सहभागी हुने टोलीलाई आयोजकले दुई छाक खाना र एक रातको बसोबासको व्यवस्था गर्नेछ। यातायात खर्च भने सम्बन्धित टोली वा खेलाडीले नै व्यहोर्नुपर्नेछ। जिल्लाबाट आउने टोलीलाई आर्थिक भार कम होस् भन्ने उद्देश्यले यातायात तथा तयारी खर्चका लागि सहयोग र सहजीकरण गर्न प्रदेश खेलकुद परिषद् गण्डकीमार्फत सम्बन्धित खेल संघहरूसँग पत्राचारसमेत गरिएको आयोजकले जनाएको छ।

प्रतियोगितामा सहभागी हुने खेलाडीको खेल अवधिभर बीमा गरिनेछ। बीमा प्रक्रिया पूरा गर्न आवश्यक खेलाडीको विवरण यथाशीघ्र उपलब्ध गराउन आयोजकले सम्बन्धित टोलीलाई आग्रह गरेको छ। खेलका क्रममा वा खेलपछि कुनै टोलीले खेलाडीको सहभागिताका विषयमा आपत्ति वा विवाद गरेमा त्यसको जिम्मेवारी सम्बन्धित जिल्ला शाखा वा नेपाल खेलकुद पत्रकार मञ्चको हुने आयोजकले स्पष्ट पारेको छ। श्रेष्ठका अनुसार पछिल्लो समयको विषम परिस्थितिका कारण हालसम्म नेपाल पत्रकार महासंघ बागलुङ र नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका दुई टोली दर्ता भइसकेका छन् भने अन्य जिल्लाका टोली पनि दर्ताको प्रक्रियामा छन्।

प्रतियोगिताको टिम दर्ता शुल्क ३ हजार रुपैयाँ तोकिएको छ। विजेता टोलीले नगद ५० हजार रुपैयाँसहित शिल्ड, प्रमाणपत्र र मेडल प्राप्त गर्नेछ। उपविजेता टोलीले नगद ३० हजार रुपैयाँसहित शिल्ड, प्रमाणपत्र र मेडल पाउने पत्रकार दिपक श्रेष्ठले बताउनु भयो। व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट खेलाडी र सर्वोत्कृष्ट प्रशिक्षकलाई जनही ५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ। प्रत्येक खेलको 'म्यान अफ द म्याच'लाई नगद १ हजार ५ सय रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ। प्रतियोगिताको प्रायोजकका रूपमा पोखरा महानगरपालिका वडा नम्बर १२ र कफी डी हिमालयज रहेका छन्। नेपाल पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराल, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका अध्यक्ष एमबी आस्था तथा जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङले प्रतियोगितालाई सफल पार्न सहयोग गर्ने बताउनु भयो।

# साइकल सिटी पोखराद्वारा सफल पौडेललाई साइकल उपहार प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं




साइकल सिटी पोखराले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत सफल पौडेललाई साइकल हस्तान्तरण गरेको छ। साइकल सिटी पोखराका अध्यक्ष श्यामकृष्ण श्रेष्ठको पहल तथा विभिन्न फनराइड समूहको सहयोगमा पौडेललाई साइकल प्रदान गरिएको हो।

साइकल हस्तान्तरण कार्यक्रममा चालिसे साइकल पोखराका प्रोप्राइटर तथा गण्डकी प्रदेश साइकल संघका अध्यक्ष अशोक चालिसे र चालिसे साइकलका संस्थापक शिव चालिसेको विशेष सहयोग रहेको छ। कार्यक्रममा साइकल सिटी पोखराका अध्यक्ष श्रेष्ठले साइकललाई केवल यातायातको साधनका रूपमा मात्र नभई स्वास्थ्य, वातावरण संरक्षण र सामाजिक एकताको माध्यमका रूपमा लिनुपर्ने बताउनुभयो। साइकल संस्कृतिको विकाससँगै सामाजिक सेवाका गतिविधिलाई समेत अघि बढाउन सबैको सहकार्य आवश्यक रहेको उहाँको भनाइ थियो।

उहाँले साइकलको प्रयोग बढाउन सके स्वस्थ जीवनशैली प्रवर्द्धनसँगै वातावरण संरक्षणमा समेत सकारात्मक योगदान पुग्ने बताउँदै साइकल सिटी पोखराले आगामी दिनमा सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई पनि प्राथमिकताका साथ अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। त्यस्तै, गण्डकी प्रदेश साइकल संघका अध्यक्ष अशोक चालिसेले साइकलको प्रयोगलाई प्रोत्साहन गर्दै युवापुस्तालाई खेलकुद र स्वस्थ जीवनशैलीतर्फ आकर्षित गर्न यस्ता सामाजिक कार्यले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। साइकलसँग जोडिएका गतिविधिलाई खेलकुद, स्वास्थ्य र सामाजिक सेवासँग जोडेर अघि बढाउनुपर्ने उहाँको धारणा थियो।

कार्यक्रममा शुक्ला गण्डकी साइकल क्लबका अध्यक्ष त्रिलोचन लम्साल, सहयोगी फनराइड समूहका प्रतिनिधि, साइकलप्रेमी तथा अन्य व्यक्तिहरूको उपस्थिति रहेको थियो। साइकल प्राप्त गरेपछि सफल पौडेलले आफूलाई सहयोग गर्ने साइकल सिटी पोखरा, अध्यक्ष श्यामकृष्ण श्रेष्ठ, चालिसे साइकल तथा सम्पूर्ण सहयोगीप्रति आभार व्यक्त गर्नुभयो। प्राप्त सहयोगले आफूलाई थप उत्साहित बनाएको उहाँले बताउनुभयो।

साइकल सिटी पोखराका कोषाध्यक्ष रामनारायण श्रेष्ठले संस्थाले आगामी दिनमा पनि साइकल प्रवर्द्धन, स्वास्थ्य, वातावरण संरक्षण तथा सामाजिक सेवासँग सम्बन्धित कार्यक्रमलाई निरन्तरता दिने बताउनुभयो। कार्यक्रमको सञ्चालन संस्थाका सह-कोषाध्यक्ष जीवन ढुङ्गानाले गर्नुभएको थियो।

# रेवान पोखराको अध्यक्षमा वसन्त गौतम निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

रेष्टुरेण्ट एण्ड बार एशोसिएसन (रेवान) पोखराको ३२औँ वार्षिक साधारण सभा तथा १७औँ अधिवेशनबाट वसन्त गौतमको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित भएको छ।

शनिबार सम्पन्न अधिवेशनबाट गौतमको अध्यक्षतामा दुई वर्षे कार्यकालका लागि नयाँ कार्यसमिति चयन गरिएको निर्वाचन अधिकृत चौबहादुर गुरुङले जानकारी दिनुभयो। नवनिर्वाचित कार्यसमितिको निवर्तमान अध्यक्षमा विश्वराज पौडेल, प्रथम उपाध्यक्षमा विकास भट्टराई, द्वितीय उपाध्यक्षमा योगेश भट्टराई, महासचिवमा वीरेन्द्र शेर चन, सचिवमा रोशन जंग कार्की, कोषाध्यक्षमा सुरेश न्यौपाने र सह-कोषाध्यक्षमा सफल थापा चयन हुनुभएको छ।

त्यसैगरी कार्यसमिति सदस्यमा वैभव पौडेल, भीष्मराज पौडेल, लोकेश ढकाल, कृष्ण अधिकारी, सुमन भट्टराई, सुनिलबहादुर भट्टराई, राजबहादुर भुजेल र वसन्त न्यौपाने निर्वाचित हुनुभएको छ। पर्यटन क्षेत्रमा चार दशकको अनुभव नवनिर्वाचित अध्यक्ष वसन्त गौतम पोखराको पर्यटन तथा आतिथ्य क्षेत्रमा लामो अनुभव हासिल गर्नुभएका व्यवसायी हुनुहुन्छ। सामान्य कामदारका रूपमा पर्यटन क्षेत्रमा प्रवेश गर्नुभएका गौतमले आफ्नो मेहनत, निरन्तरता र दूरदर्शी सोचका कारण सफल पर्यटन व्यवसायीका रूपमा पहिचान बनाउनुभएको छ।

पर्यटन क्षेत्रमा करिब ४० वर्षको अनुभव हासिल गर्नुभएका उहाँ तीन दशकभन्दा लामो समयदेखि पर्यटन व्यवसायमा नेतृत्वदायी भूमिकामा सक्रिय हुनुहुन्छ। गौतमको सक्रियता तथा लगानीमा पोखराको लेकसाइडमा विभिन्न प्रतिष्ठित पर्यटन तथा आतिथ्य व्यवसाय सञ्चालनमा छन्। उहाँ चारतारे बुटिक रिसोर्टका रूपमा परिचित टेम्पल ट्री रिसोर्ट एण्ड स्पाका अध्यक्ष हुनुहुन्छ।

त्यस्तै, इटालियन परिकारका लागि परिचित क्याफे कन्सर्टो र मेडिटेरेनियन तथा अन्तर्राष्ट्रिय स्वादका परिकारका लागि परिचित मेड फाइभ रेस्टुरेन्ट पनि उहाँको व्यावसायिक यात्राका महत्वपूर्ण प्रतिष्ठान हुन्। शून्यबाट आफ्नो व्यावसायिक यात्रा सुरु गरी पर्यटन, आतिथ्य सत्कार र गुणस्तरीय सेवाको विकासमा लामो समयदेखि योगदान दिँदै आउनुभएका गौतम पोखरेली पर्यटन उद्योगका अनुभवी तथा प्रेरणादायी व्यवसायीका रूपमा परिचित हुनुहुन्छ।

फेवाताल संरक्षणमा व्यवसायीको भूमिका आवश्यक स् मेयर आचार्य कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले फेवाताल संरक्षणमा स्थानीय व्यवसायीहरूको पनि महत्वपूर्ण भूमिका रहेको बताउनुभयो। फेवाताल क्षेत्रमा जथाभावी बियर बिक्री गर्दा स्थानीय व्यवसायीहरूले त्यसको विरोध नगरेको उल्लेख गर्दै मेयर आचार्यले महानगरपालिकाले त्यस्ता गतिविधि हटाउन खोज्दा उल्टै धम्की आउने गरेको बताउनुभयो। पोखराका केही प्रतिष्ठित व्यवसायीले समेत ढल निकास फेवातालमा मिसाउने गरेको उहाँको आरोप थियो।

उहाँले पोखराको पर्यटन विकाससँगै वातावरण संरक्षणलाई पनि प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो। नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले चालु आर्थिक वर्षमा बोर्डले पर्यटन प्रवर्द्धनमा बढी केन्द्रित भएर काम गरिरहेको बताउनुभयो। भौतिक पूर्वाधार विकासमा भने तुलनात्मक रूपमा कम प्राथमिकता दिइएको उहाँले उल्लेख गर्नुभयो। कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले पोखरामा पर्यटकको शान्ति तथा सुरक्षाका लागि प्रशासनले आवश्यक सुरक्षा व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

पोखरा पर्यटन परिषदका अध्यक्ष हरि बहादुर भुजेलले कृष्णभिर पहिरोको कारण पोखरामा पर्यटन क्षेत्रमा ठुलो असर परेको बताउनु भयो। कार्यक्रम रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रममा विभिन्न सरकारी निकाय, पर्यटन क्षेत्र, व्यवसायी तथा संघ-संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। अधिकारकर्मी रामबहादुर पौडेल र पत्रकार बर्षा सम्मानित यसै अवसरमा नागरिक समाज कास्कीका संस्थापक संयोजक, अधिकारकर्मी एवं वातावरण संरक्षणकर्मी रामबहादुर पौडेल सम्मानित हुनुभएको छ। त्यसैगरी जमुना शर्मा बर्षा सम्मानित हुनु भएको छ। उहाँ नेपाल पत्रकार महासंघ गण्डकीको हाल महासचिव हुनुहुन्छ। उहाँहरुलाई मेयर आचार्य सहित पूर्व अध्यक्ष गणेश बहादुर भट्टराई, गोपीबहादुर भट्टराई, नरेश भट्टराई, सुर्य बहादुर भुजेल लगायतले सम्मानत गर्नु भएको थियो।

# पोखरा उद्योग वाणिज्य संघको कार्यसमितिलाई बुद्ध विशाल बजारको बधाई तथा शुभकामना

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं



बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले पोखरा उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष लगाएत कार्यसमितिलाई बधाई तथा स्वागत गरेको छ।

कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका नव निर्वाचित अध्यक्ष शोभा गौतमले आफ्नो जित सम्पुर्ण व्यवसायीको जित भएको बताउँदै संघको ७२ वर्षको ईतिहासमा एउटी चेलीलाई अध्यक्षको जिम्मेवारी दिनुभएकोमा सम्पुर्ण व्यवसायी साथीहरूलाई धन्यवाद दिएकी थिइन्। गौतमले आज महिलाहरूको महानपर्व हरितालिका तिजको अवसरमा एउटा चेलीलाई बुद्व विशाल बजार व्यापारिक एशोसियसनले जुन बधाई तथा सम्मान गरेकोमा आफुलाई माईति घरको झल्को आएको बताईन। अध्यक्ष गौतमले व्यवसायीलाई परेको समस्या समाधान गर्न आफू चौविसै घण्टा तयार रहेको बताउदै एशोसियसनका उपाध्यक्ष मनोहरी पौडेललाई उत्कृष्ट मत सहित पोखरा उधोग वाणिज्य संघको सदस्यमा बिजयी बनाएकोमा बुद्व विशाल बजार व्यापारिक एशोसियसन परिवारलाई बधाई दिइन्। कार्यक्रममा नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिदैँ बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा सल्लाहकार केशव बहादुर खत्रीले पोखरा उद्योग वाणिज्य संघले गर्ने हरेक राम्रा कामको साथमा बुद्ध विशाल बजार व्यापारिक एशोसियसन रहेको बताउँदै उद्योग वाणिज्य संघको ७२ वर्षको ईतिहासमा पहिलो पटक महिला अध्यक्ष पाएकोमा गर्व लागेको बताए। खत्रीले आफू पोखरा उद्योग वाणिज्य संघको कार्यसमितिमा रहदा साँस्कृतिक समितिमा मनोनयन गरेकी बहिनी शोभा गौतमको काँधमा पोखरा उद्योग वाणिज्य संघको जिम्मेवारी आएकोमा आफुलाई गर्व लागेको बताए। पोखरा उद्योग वाणिज्य संघका बरिष्ठ उपाध्यक्ष दिनेश बास्तोलाले व्यावसायिका घर वहाल कर लगाएत विभिन्न करका समस्याहरू रहेको बताउँदै व्यावसायीको हकहितका लागि नेपाल सरकार लगाएत पोखरा महानगरपालिका साथै विभिन्न संघ संस्थासंग सहकार्य गर्दै काम गर्ने बताए। बास्तोलाले बुद्ध विशाल बजार व्यापारिक एशोसियसनले जुन सम्मान गरेको छ, त्यसको लागी धन्यवाद दिँदै व्यवसायीहरूलाई फुटेर हैन जुटेर काम गर्न आग्रह गरे।

एशोसियसनका अध्यक्ष बुद्धि बहादुर कुँवरको सभापतित्वमा भएको कार्यक्रममा एशोसियसनका उपाध्यक्ष तथा पोखरा उधोग वाणिज्य संवका नव निर्वाचित सदस्य मनोहरी पौडेलले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रम सन्चालन एशोसियसनका महासचिव थमन सिह गुरूङले गरेका थिए।

# नेपाल-चीन सम्बन्धलाई अझ उन्नत बनाउनुपर्नेमा पूर्वप्रम खनालको जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

पूर्वप्रधानमन्त्री झलनाथ खनालले नेपाल-चीन सम्बन्धलाई बहुआयामिक क्षेत्रमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ।

'फाउण्डेसन फर पिस, डेभलपमेन्ट एण्ड सोसलिजम' द्वारा राजधानीमा आयोजित दुईदिने 'काष्ठमण्डप डाइलग' तेस्रो शृङ्खलाको आइतबार समापन गर्दै उहाँले तीव्र आर्थिक, वैज्ञानिक तथा प्राविधिक विकास गरिरहेको चीनबाट नेपालले लाभ लिनसक्नुपर्ने बताउनुभयो।

नेपाली कम्युनिष्ट पार्टीका नेता खनालले दुई देशबीचको सम्बन्धलाई अझ समुन्नत बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो।

नेपाल-चीन सम्बन्धका लागि बदलिँदो अन्तरराष्ट्रिय तथा क्षेत्रीय वातावरण', 'पार्टी निर्माण र सुशासनका अनुभव आदानप्रदान', 'व्यावहारिक सहयोगः भूराजनीति, व्यापार र कनेक्टिभिटी', 'जलवायु उत्थानशीलता र सीमापार जोखिम घटाउने', 'नेपाल-चीन सांस्कृतिक तथा जनस्तरको सहयोग' र 'युवाको भूमिका : अर्को पुस्ताको मित्रता निर्माण' बारेमा विचार आदानप्रदान भएको थियो।

# अरिङ्गालले खिलेर एक जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
दमौली, २८ भदौं

भीमाद नगरपालिका-२ टेक्रेमा अरिङ्गालले खिलेर एक जनाको मृत्यु भएको छ।

आइतबार अरिङ्गालले खिलेर गम्भीर घाइते भएका सोही स्थानका ४२ वर्षीय धनबहादुर थापाको पोखरास्थित गण्डकी मेडिकल कलेजमा मृत्यु भएको तनहुँका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले रासससलाई जानकारी दिनुभयो।

# नेशनल प्याब्सन कास्कीको १ दिवसीय कम्प्यूटर तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

नेशनल प्याब्सन कास्कीको आयोजनामा १ दिवसीय तालिम सम्पन्न भएको छ। नेशनल प्याब्सनमा आबद्ध विभिन्न विद्यालयका ३० जना कम्प्यूटर विषयका शिक्षकहरूको सहभागिता रहेको प्रतियोगिता होटल ह्वाइट हाउस इन लेकसाइडमा सम्पन्न भएको हो।

नेसनल प्याब्सन कास्कीका अध्यक्ष रोशन कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा सहजकर्ताका रुपमा प्रमुख आमन्त्रित व्यक्तित्व कम्प्यूटर विषयका लेखक विशाल राई रहेका थिए।

प्रशिक्षक राईले सिर्जनात्मक क्षमता विकास गर्न निरन्तर अभ्यासमा जोड दिदै व्यवहारमुखी सिकाइ र विद्यार्थी-केन्द्रित शिक्षण पद्धतिमा केन्द्रित हुन शिक्षकहरूलाई आग्रह गरेका थिए। केन्द्रीय व्यवस्थापन समिति संयोजक कमल रानाभाटले शुभकामना मन्तव्य राखेका थिए। नेशनल प्याब्सन कास्कीले विद्यालय तहमा अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यार्थीहरूको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउँदै आएको र यस्ता बौद्धिक तथा सिर्जनात्मक कार्यक्रमलाई निरन्तरता दिँदै जाने क्रममा निकट भविष्यमा हुन लागेको नेपाली भाष ज्ञानलाई मध्येनजर गर्दै नेशनल प्याब्सन कास्कीका नेपाली शिक्षकहरुलाई केही दिन अगाडि प्रतियोगिता सम्बन्धि अभिमुखीकरण गराइसकिएको अतिरिक्त क्रियाकलाप प्रमुख एवं कोषाध्यक्ष कमल थापाले जानकारी दिए। कार्यक्रममा स्वागत उपाध्यक्ष विकल पौडेलले गरेका थिए।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# तीजको शुभकामना !

नेपाली हिन्दु महिलाहरुले मनाउने हरितालिका (तीज) अहिले सबैतिर बस्ने नेपाली महिलाको पर्व भएको छ । औशीबाट सुरु हुने तीज तीजको व्रत बस्ने अघिल्लो दिन दर खाने दिन भएपनि अनुकूल समयमा खुवाउन थालिएको छ । माइती पक्षले चेलीबेटीलाई बोलाएर दर खुवाउने परम्परा हो । दरको रुपमा दुधबाट बनेको शुद्ध परिकार खुवाउने चलन हो । अडिलो खानाको रुपमा दूध, ध्यू, मिठाइ र गहुँबाट बनेका परिकार खाने र रमाइलो गर्ने चलन हो । अहिले बजारले जे भन्छ त्यही चल्ने गरेको छापछिल्लो समय नेपाली महिलाहरुको साझा चाडमा बिकास हुँदै गइरहेको छ ।

हिमालय पर्वतकी छोरी पार्वतीले महादेव पति पाउँ भनी व्रत बसेको दिनलाई तीज हरितालिका मनाउन थालिएको किंवदन्ती रहँदै आएको छ । विवाहीता महिलाले पतिको दिर्घायूको कामना गर्दै ब्रत बस्ने र विवाह नभएकाले सुयोग्य वर पाउँ भनी व्रत बस्ने गरिएको तीज अहिले महिलाहरुले आफ्नो अधिकार र मनोरञ्जनको रुपमा लिन थालेका छन् । समय अनुसार तीज फेरिदै गएको छ । सबैले महिलालाई दर खुवाउने र विभिन्न क्षेत्रमा योगदान दिएका महिलाई सम्मान गर्न थालेका छन् । त्यही भएर तीजको महत्व झन् बढ्दै गएको छ । तीजलाई महिलाहरु माथि भएका भेदभाव र अन्यायका विरुद्ध गीतको माध्यमबाट आवाज उठाउने, महिला जागरण र सचेतना फैलाउने चाडको रुपमा पनि लिने गरिएको छ । पछिल्लो समय महिला अधिकारका पक्षमा तीजका माध्यमबाट महिलाहरु संगठित गर्ने कामसंगै महिलाहरु पनि आर्थिक रुपले सम्पन्न हुदै गएका छन् भन्ने सन्देश दिन भोजभतेर, गहना र कपडाको प्रदर्शन गर्ने अवसर पनि बन्दै गएको छ । तीज सांस्कृतिक पर्व भन्दा व्यावसायिक बन्दै गएको छ । नेपाली महिलाहरुले मनाउँदै आएको हरितालिका तीज पछिल्लो समय व्यापारतर्फ उन्मुख भएको छ । तीजलाई व्यापारको माध्यम नबनाउन स्थानीय प्रशासनले सूचना जारी गर्दा चर्को विरोधको सामना गर्नुपर्ने अवस्था आएको छ । तीज आउनु भन्दा धेरै अगाडिदेखि होटल, पार्टी प्यालेस र रेष्टुरेहरुमा गएर मनाउने चलन बढेर गएको छ ।

यस पटक भोटेकोशीमा गएको बाढीले हजारौको मृत्यु, हजारौ वेपत्ता छना।वस्ती बगाएर जनजीवन अस्तव्यस्त छ । यस्तो वेला मनोरञ्जन गर्न सकिन्न। देश नै शोकमा रहेको बेला होटल र पार्टी प्यालेसमा हुने भोजभतेर रोकिएका छन । हरेक कार्यालय, संघ, संस्था, राजनीतिक दल, भातृ संस्था, प्रतिष्ठान, जातीय संघ, संगठनले तीजको दर खुवाउने कार्यक्रम रोकिएका छन। अन्य चाड पर्व खुम्चने तर तीज संसारका जुनसुकै ठाउँमा पुगेका नेपालीले मनाउने गरेका छन।नेपालमा भन्दा बढी विदेशमा तीज मनाउन गायक, गायिका र कलाकार बोलाएर मनोरञ्जन गर्ने र सांस्कृतिक महत्व दर्शाउने काम गरेका छन । सामाजिक संजालमा जोडिन, भिडियो बनाउने, टिकटक बनाउने, यूट्यूवमा भ्युअर्स बढाउनेले कमाउने मौका पाएका छन् । उत्पादकहरुले आफ्ना वस्तु विक्रीको माध्यम तीज बनाउन थालेका छन् । दिदीबहिनीहरु माइतमा भेट भएर सुख दुःखका कुरा साटासाट गर्ने अधिकारका बारेमा सचेत पार्ने बेला पनि हो ।

तीजमा महिलालाई सम्मान गर्ने, महिला अधिकारको कुरा गर्ने र प्रोत्साहन गर्नु स्वागतयोग्य छ। तीजका अवसरमा गरिएका गतिविधि देखावटी होइन भन्ने देखाउन ब्यवहारिक रुपमा समान अधिकार, समान सहभागिता, महिला अधिकार र असमानता हटाउन लाग्नु पर्दछ । नेपाली महिलाहरुको सांस्कृतिक पर्व तीजलाई विकृति र विसंगति हुन नदिन महिला अधिकारवादी र महिला संघ संगठनहरु लाग्नुपर्दछ । चाडपर्वलाई सबैले सहजरुपमा मनाउन सक्ने अवस्था हट्दै गएको छ । चाडपर्व महंगो र भड्किलो बन्दै गएको छ । तीजलाई महिलामाथि हुने भेदभाव र कुसंस्कार विरुद्ध अधिकार प्राप्ति र दिदीबहिनीहरु बिचको मिलनको चाडको रुपमा विकास गर्न आवश्यक छ । तीजको सबै महिलालाई शुभकामना !

# सहाराको वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं



सहारा क्लब पोखराको २८औं वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा २४ यूनिट रगत संकलन भएको क्लबका वरिष्ठ उपाध्यक्ष पूर्णबहादुर गुरुङले जानकारी दिनुभयो । कार्यक्रमको उद्घाटन पोखरा महानगरपालिका-१७ का वडा अध्यक्ष राधिका कुमारी शाही योगीले गर्नुभएको थियो । उहाँले सहारा क्लब पोखराले सामाजिक क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्दै सहारा फुटबल एकेडेमी सञ्चालन गर्नु निकै चुनौतीपूर्ण कार्य भए पनि क्लबले निरन्तरता दिँदै आएको बताउनुभयो । रक्तदान जीवनदान भएकाले यस्ता सामाजिक तथा मानवीय सेवाका कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा उहाँले जोड दिनुभयो । कार्यक्रममा रक्तदान गरी सहभागी हुने सम्पूर्ण रक्तदाता, स्वयंसेवक, सहयोगी संस्था तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैप्रति क्लबले आभार व्यक्त गरेको छ ।

क्लबले एक थोपा रगतले पनि कसैको जीवन बचाउन सक्ने भएकाले नियमित रूपमा रक्तदान गर्न सबैलाई आग्रह गरेको छ। क्लबले 'रक्तदान गरौँ, जीवन बचाऔँ' भन्ने सन्देशसहित सामाजिक सेवामा सक्रिय हुन आह्वान गरेको हो ।

सहारा क्लब पोखराका अध्यक्ष केशवबहादुर थापाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा पोखरा ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानी, क्लबका पूर्वअध्यक्ष बिक्रम थकाली, वीरभद्र आचार्य, केशवराज बराल लगायतको उपस्थिति रहेको थियो । रक्तदान गर्ने दाताहरूलाई कार्यक्रममा प्रमाणपत्रसमेत वितरण गरिएको थियो ।

# गर्भवती र सुत्केरीलाई निःशुल्क एम्बुलेन्स सेवा: ६५ जना लाभान्वित

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ भदौं

भदौ ८ गते दिउँसोदेखि नै ताराखोला गाउँपालिका-४ विसौनाकी देवी घर्तीलाई सुत्केरी व्यथाले च्याप्यो ।

मुसलधारे पानी परेको थियो । गाउँकै स्वास्थ्य संस्थामा नियमित गर्भजाँच गराएकी देवीलाई स्वास्थ्यकर्मीले 'गाह्रो भए पालिकामा एम्बुलेन्स छ, तुरुन्त सम्पर्क गर्नू' भनेका थिए । देवीका परिवारले त्यो दिन त्यसै गरे । पालिकाले तत्काल एम्बुलेन्सको व्यवस्था गऱ्यो । पैँतिस वर्षीया देवीले गाउँकै हिल स्वास्थ्य चौकीमा सोही रात तेस्रो सन्तानलाई जन्म दिनुभयो । यसअघि सुत्केरी हुँदा स्टेचरमा घर फर्किएकी देवी यसपटक पालिकाको एम्बुलेन्सले नै घर पुऱ्याइदियो । ताराखोला गाउँपालिकाले आफ्नो क्षेत्रका गर्भवती र सुत्केरीलाई २०७६ सालदेखि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँदै आएको छ । .पालिकाबाट निःशुल्क एम्बुलेन्स सेवा लिने देवीजस्तै ६५ जना लाभान्वित भएका छन् । गाउँपालिकाका गर्भवती र सुत्केरीलाई घरबाट स्वास्थ्य चौकी, स्वास्थ्य चौकीबाट सदरमुकामको धौलागिरि अस्पताल र पोखरा, अस्पतालबाट घरसम्म पुऱ्याउने प्रबन्ध मिलाइएको पालिकाका अध्यक्ष धनबहादुर विकले राससलाई बताउनुभयो । गाउँपालिकालाई २०६७ सालमा स्थानीय पोषक सापकोटा र उहाँका दाजुभाइले एम्बुलेन्स प्रदान गर्नुभएको हो ।

२०७७ सालमा गलकोट समाजले अर्को एम्बुलेन्स उपलब्ध गराएपछि स्थानीय गर्भवती र सुत्केरीलाई स्वास्थ्य संस्थासम्म सहज भएको छ । स्थानीयलाई सहज स्वास्थ्य सेवा प्रदान गर्न पालिकाले तीन वटा स्वास्थ्य इकाइ सञ्चालन गरिरहेको छ भने गाउँपालिकाका सबै वडामा सुविधासम्पन्न प्रसूति सेवासहितका स्वास्थ्य चौकीको व्यवस्था गरिएको छ ।

# ट्रक दुर्घटनामा चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ भदौं

पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको व्यास नगरपालिका-१२ कमलाबारीमा आइतबार बिहान ट्रक दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मकवानपुरको मनहरि गाउँपालिका-६ बस्ने २६ वर्षीय अजय थिङ रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

डुम्रेबाट दमौलीतर्फ आउँदै गरेको ना६ख ९४९७ नम्बरको ट्रक अनियन्त्रित भई पल्टिँदा गम्भीर घाइते चालक थिङलाई प्रदेश अस्पताल दमौलीका चिकित्सकले मृत घोषणा गरेको प्रहरी नायब उपरीक्षक द्वारिका प्रसाद घिमिरेले जानकारी दिनुभयो । दुर्घटनालगत्तै प्रनाउ घिमिरेको नेतृत्वमा ११ जनाको टोली घटनास्थलमा पुगेको थियो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : शुभ यात्रा | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.१६ निवासी भारतीय भू.पू. सै.नं. ५८४३५२६W का कृष्ण बहादुर के.सी. को श्रीमती मिठी के.सी. को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मिठी के.सी. र जन्ममिति वि.सं. २०१७।०६।१० (ई.सं.१९६०।०९।२५) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर शुसिला के. सी. र जन्ममिति वि.सं. २०१८।०१।३० (ई.सं.१९६१।०५।१२) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति र नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनी पोखरा महानगरपालिका १६ नं. वडा कार्यालयको च.नं. ७२२ मिति २०८३।०५।१५ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**



## ऋण चुक्ता गर्न आउने बारे १५ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०५/२९ गते (पोखरापत्र राष्ट्रिय दैनिक)

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकम निर्यामत रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जाना समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लि( खित जानकारी गराउँदा मिति २०८३/०४/१९ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋण चुक्ता गर्ने सम्बन्धी ३५(पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो दोस्रो पटक १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस संस्थामा बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना तथा अन्य दस्तुर रकम बुझाउनु होला । अन्यथा तपाई ऋणी सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम सूचना प्रकाशित गरी लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको फोटो | ऋणीको नाम, थर, ठेगाना | धन जवानीको नाम, थर, ठेगाना | धनजमानीको फोटो |
|---|---|---|---|---|
| १. |  | **नामः कुल बहादुर खड्का**<br>बाबुः तरक बहादुर खड्का<br>बाजेः शम्शेर बहादुर खड्का<br>स्थायी ठेगानाः कास्कीकोट-६<br>ना.प्र.नं.ः ५२४९४<br>जारी मितिः २०५३/१२/२१ | **नामः सविता खड्का**<br>पतिः कुल बहादुर खड्का<br>बाबुः सोमनाथ खनाल<br>स्थायी ठेगानाः कास्कीकोट-६<br>ना.प्र.नं.ः २८३७३<br>जारी मितिः २०५९/०६/१३ |  |
| **धितोको विवरण**ः पोखरा-१७ कित्ता नं. ३०, १५, ३१ क्षेत्रफल ११४/६५३.६०/२११.७० वर्ग मिटर | | | | |

**भद्रकाली बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१३, वि.पी. मार्ग, कुँडहर, फोन नं. ०६१-५७६३८०



## श्री सैनिक आवासीय महाविद्यालय
## फूलबारी, पोखरा

### चमेना क्याण्टिन संचालनको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८३/०५/२९ गते)

१. यस महाबिद्यालयको लागि चमेना क्याण्टिन संचालन गर्नुपर्ने भएको हुँदा ईच्छुक योग्य दरभाउपत्रदाताहरुको लागि यसै सूचनाद्वारा यो शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

| सि. नं. | सूचना नं. | विवरण | पेश गर्नुपर्ने दरभाउपत्र जमानत | फाराम दस्तुर ने.रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, स्थान र समय | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | NAWF/SAMV/CANTEEN/BKT/083/84/2 | चमेना क्यान्टिन | रु. ५०,०००।- | १०००।- | २०८३/०६/०४ गते सैनिक आवासिय महाविद्यालय पोखरा कार्यालय समयभित्र | २०८३/०६/०५ गते १२:०० बजेसम्म | २०८३/०६/०५ गते १३:०० बजे |

२. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट खोल्ने मिति कायम हुनेछ । थप जानकारीको लागि श्री सैनिक आवासीय महाबिद्यालय, पोखरा फोन नंः ०६१-५७७७४६ ।
३. माथि उल्लेखित दरभाउपत्र (बुकलेट) शिलबन्दी गरी पेस गर्नु पर्नेछ ।
४. कुनै वा सबै दरभाउपत्र, पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार महाविद्यालयमा निहित रहनेछ ।
५. उल्लेख भएअनुसार बोलपत्र दस्तुर र धरौटी बुझाउनु हुन ः
(क) बैंकको नामः हिमालयन बैंक लिमिटेड, पोखरा (ख) धरौटी खाता नं. ०१६०२४९५८३००२४
(ग) खाता संचालकको नामः सैनिक आवासीय महाबिद्यालय, पोखरा ।
६. दरभाउपत्र खरिद गर्न आउँदा दरभाउपत्र दस्तुर तोकिएको खातामा जम्मा गरि सक्कलै भौचर लिई आउनु पर्ने र दरभाउपत्र जमानत दाखिला भौचर दरभाउपत्र सम्बन्धी कागजादमा समावेश गरि पेश गर्नु पर्नेछ ।

# कास्की आइडल सिजन–२ को यात्रा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २८ भदौं

कास्कीमा लुकेर रहेका गायन र नृत्यका प्रतिभालाई खोजी गर्दै उनीहरूलाई अवसर दिने उद्देश्यसहित आयोजना गरिएको 'कास्की आइडल सिजन-२' को उद्घाटन समारोह सम्पन्न भएको छ। वरिष्ठ कलाकार कर्णदासको प्रमुख आतिथ्यतामा पोखरामा प्रतियोगिताको उद्घाटन गरिएको हो।

साँझ क्रियसन्स प्रा.लि को आयोजनामा सुरु भएको प्रतियोगितामा गायनतर्फ २४ जना र नृत्यतर्फ २४ जना गरी ४८ जना प्रतियोगी छनोट भएका छन् । अब यी प्रतिभाबीच विभिन्न चरणमा प्रतिस्पर्धा हुनेछ । कार्यक्रम संयोजक आदर्श पोखरेलले नयाँ प्रतिभाको खोजी, पहिचान र उनीहरूलाई आफ्नो कला प्रस्तुत गर्ने अवसर दिनु प्रतियोगिताको मुख्य उद्देश्य रहेको बताए।

गायन तथा नृत्यका प्रतिभालाई प्रोत्साहन गर्दै उनीहरूलाई आगामी दिनमा समेत अवसर सिर्जना गर्ने लक्ष्य रहेको उनको भनाइ छ । उद्घाटन कार्यक्रममा वरिष्ठ कलाकार कर्णदास, गीतकार तथा प्राज्ञ अनुराग अधिकारी, नेपाली शिक्षा विभाग पृथ्वीनारायण क्याम्पस पोखराका पूर्व विभागीय प्रमुख, प्रध्यापक डा. बाबुराम अधिकारी, साथी पानीका प्रोप्राईटरका विजय सुनार भिक्टर, गीतकार प्रतिष्ठान नेपालका सचिव रूपिद्र प्रभाती जोशी, गीतकार तथा सामाजिक व्यक्तित्व जमुना पौडेल, दुर्गा प्रसाद गुरुङ, विद्युत प्रधिकरण स्याङजा वितरण केन्द्रका प्रशासन प्रमुख मदन घिमिरे, गण्डकी कलर हाउस पोखरा-३० पावर हाउसका प्रोप्राईटर डाईरेक्टर भक्त स्याङ्जाली, लोकचन्द्र तथा सुजु मुस्ताडी, पोखरा विश्वविद्यालयकी प्रोफेसर दिपमाला श्रेष्ठ, पोखरा पोस्टका सम्पादक विजय पोनी, ज्ञानदिप के.सी., बबिन भण्डारी, इन्जिनियर अनिल दुवाडी, सुजन आचार्य, वडा सदस्य सुदिप ढुंगाना, युवा वैज्ञानिक तथा कलाकार डा. निरञ्जन कोइराला, मोडल तथा समाजसेवी नवीन ढुंगाना, कार्यक्रम सञ्चालक सुरज अधिकारी, समाजसेवी सुनिल गुरुङ, अर्जुन मगर र कलाकार सुवास श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । प्रतियोगिताको आगामी एलिमिनेसन राउन्ड असोज ३, १० र १७ गते हुनेछ । विभिन्न चरण पार गर्दै उत्कृष्ट प्रतियोगीहरू कार्तिक १४ गते हुने ग्रान्ड फिनालेका लागि छनोट हुनेछन् । गायन र नृत्य दुवै विधातर्फ प्रथम हुनेले ६० हजार रुपैयाँ नगदसहित शिल्ड र प्रमाणपत्र, द्वितीय हुनेले ४० हजार र तृतीय हुनेले २० हजार रुपैयाँ नगदसहित शिल्ड तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । उत्कृष्ट १० मा पर्ने सफल प्रतियोगीलाई राष्ट्रिय गीतमा अवसर प्रदान गर्ने आयोजकको योजना छ । प्रतियोगिताको मूल्यांकनमा निर्णायकको ४० प्रतिशत, भोटिङको ४० प्रतिशत र दर्शकको २० प्रतिशत अंकभार र हनेछ । आयोजकले भोटिङका नाममा प्रतियोगीमाथि अनावश्यक दबाब नदिई प्रतिभाका आधारमा उत्कृष्ट छनोट गर्ने वातावरण बनाउने जनाएको छ । अब असोजमा हुने तीन चरणका प्रतिस्पर्धापछि ४८ प्रतिभामध्ये को उत्कृष्ट बन्दै कार्तिक १४ गतेको ग्रान्ड फिनालेसम्म पुग्छ, त्यसतर्फ दर्शकको ध्यान केन्द्रित भएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कास्की

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



कास्की जिल्ला, अन्नपूर्ण गाउँपालिका वडा नं. ११ निवासी भारतीय भु.पु.सै.नं. ५४४७११५F, १/५ जि.आर. का मिम वहादुर गुरुङको माग निवेदन अनुसार निजको श्रीमती ज्ञानी गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा **नामथर ज्ञानी गुरुङ र जन्म मिति वि.सं.२०१६/०६/१२(ई.सं. १९५९-०९-२८)** उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको **नामथर दुर्गा देवी गुरुङसेनी र जन्ममिति वि.सं.** २०१७/०९/०१ (ई.सं. १९६०-१२-१५) उल्लेख भई फरक परेतापनि माथी उल्लेखित फरक जम्ममिति र नामथर भएको व्यक्ति फरक नभइ एउटै व्यक्ति भएको व्यहोरा अनुरोध छ भनि कास्की जिल्ला अन्नपूर्ण गाउँपालिका ११ नं. वडा कार्यालयको च.नं. ७६ मिति २०८३/०५/२२ को सिफारिस पत्र र जिल्ला प्रहरी कार्यालय कास्कीको च.नं.१०० को प्रहरी सर्जमिन मुचुल्काबाट समेत खुली आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
म्याग्दी, बेनी

## एउटै व्यक्ति भएको सूचना



म्याग्दी जिल्ला साविक शिख गा.वि.स. वडा नं. ४ हाल अन्नपूर्ण गाउँपालिका वडा नं. ५ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. ५४४३७५९, नायक बीर बहादुर पुन, ५ जि.आर. को श्रीमती तनमाया पुनको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर तनदेवी तिलिजा पुन र जन्ममिति वि.सं. २०११/०२/१० (ई.सं. २३/०५/१९५४) उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर तनमाया पुन र जन्ममिति वि.सं. २००८/०९/२१ (ई.सं. ०५/०१/१९५२) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित अन्नपूर्ण गाउँपालिका ५ नं. वडा कार्यालयको च.नं. १२४, मिति २०८३/०५/१० को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही बमोजिम सिफारिस गरिन्छ।

**प्रमुख जिल्ला अधिकारी**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

# हार्दिक समवेदना



**जन्मः**
**वि.स. २०००/०५/१२**

**स्वर्गारोहणः**
**वि.स. २०८३/०५/१७**

**स्वः चन्द्रकला पराजुली**

यस सिद्धार्थ टोल विकास संस्थाको भवन निर्माण समितिका उपाध्यक्ष देवेन्द्र पराजुलीकी ममतामयी आमा एवम् सिद्धार्थ टोल विकास संस्थाकी सदस्य सन्जु पराजुलीकी सासुआमा तथा संस्थाकी संस्थापक सदस्य **चन्द्रकला पराजुली**को ८३ वर्षको उमेरमा भएको असामयिक निधनको आज १३औं दिनको पुण्य तिथिमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

**भवानी माकाजू**
**अध्यक्ष तथा**
**सिद्धार्थ टोल विकास संस्था परिवार**

# एसियाली खेलकुदका लागि नेपालको क्रिकेट टोली घोषणा

**रासस**
पोखरा, २८ भदौं

जापानमा आगामी असोजमा हुने २० औँ संस्करणको एसियाली खेलकुद प्रतियोगिताका लागि नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरिएको छ। नेपाल ओलम्पिक कमिटीले आज दीपेन्द्रसिंह ऐरीको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो । टोलीका अन्य सदस्यमा रोहितकुमार पौडेल, सन्दीप लामिछाने, आसिफ शेख, कुशल भुर्तेल, आरिफ शेख, लोकेश बम, सन्दीप जोरा, सोमपाल कामी, करण केसी, गुल्शनकुमार झा, कुशल मल्ल, नन्दन यादव, ललितनारायण राजवंशी र शेर मल्लले रहेका छन्।

टोलीको मुख्य प्रशिक्षकमा स्टुअर्ट ल रहनुभएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
म्याग्दी, बेनी

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा

म्याग्दी जिल्ला बेनी नगरपालिका वडा नं. ४ बस्ने, भारतीय सेनाका भू.पू. सैनिक नं. JC १९६६५६ Sub H/C, प्रेम बहादुर रोका, १/४ जि.आर. को श्रीमती चन्द्र कला रोकाको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर चन्द्र कुमारी रोका र जन्ममिति वि.सं. २००२/०२/०४ (ई.सं. १९४५/०५/१७) उल्लेख भएको साथै निजको सैनिक अभिलेखमा श्रीमतीको नामथर चन्द्र कला रोका र जन्ममिति वि.सं. २०१२/०१/३० (ई.सं. १९५५/०५/१३) उल्लेख भई फरक परेता पनि उक्त दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी सम्बन्धित बेनी नगरपालिका ४ नं. वडा कार्यालयको च.नं. ५५ मिति २०८३/०४/१३ को पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही बमोजिम सिफारिस गरिन्छ।

**प्रमुख जिल्ला अधिकारी**

# अचल सम्पति धितो लिलाम बढाबढ गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना

**तेस्रो पटक प्रकाशित मिति २०८३/०५/२९ (पोखरापत्र राष्ट्रिय दैनिक)**

यस फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पति धितो सुरक्षण राखि ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, व्याज एवम् अन्य दै-दस्तुर रकम समय भित्र नतिरी, नबुझाई यस संस्था संग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित प्रत्यक्ष भेटघाट गरी जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरि आफुले तिर्नु बुझाउनु पर्ने रकम नबुझाई बसेको साथै यस भन्दा अगाडि पहिलो पटक मिति २०८१/०६/१५ गते ऋण चुक्ता गर्न आउने बारे ३५ (पैत्तिस) दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिक, दोस्रो पटक मिति २०८१/०७/२१ गते सोहि ब्यहोराको १५ (पन्ध्र) दिने सूचना समाधान राष्ट्रिय दैनिक र तेस्रो पटक मिति २०८१/०८/०६ गते सोहि ब्यहोराको ७ दिने सूचना पोखरापत्र राष्ट्रिय दैनिकबाट सूचना प्रकाशित गरी सम्पूर्ण ऋणको सावाँ, ब्याज र अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा ऋण चुक्ता नगरी बस्नु भएको हुँदा मिति २०८२/०३/२४ गते अचल सम्पति धितो लिलाम डाँक बढाबढ गर्ने बारे ३५ दिने पहिलो पटक सूचना आर्दश समाज राष्ट्रिय दैनिक पत्रिकामा, दोस्रो पटक मिति २०८३/०४/१९ गते पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको तर कुनैपनि ब्यक्तिबाट निवेदन नपरेकोले उक्त सूचना पुनः तेस्रो पटक प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र हालसम्मको साँवा व्याज, समेतको रकम दाखिला गर्नुहोला अन्यथा सूचना प्रकाशित भएको मितिले १६औं दिन धितो जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभवहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। धितो जमानत दिनुहुने ऋणी तथा व्यक्तिगत जमानत समेतलाई सुरक्षणमा रहेको तपशिलको धितो लिलामा बिक्री गरिने बारेको जानकारी यसै सूचनाद्धारा गराइन्छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मूल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गऱ्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन। साथै सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५, संस्थाको विनियम २०७२, ऋण नीति २०७९ तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयम् र व्यक्तिगत धनजमानतकर्ताहरुको एवम् निजहरुको एकाघरको समेतको नाममा रहेको अन्य चल अचल सम्पतिहरुबाट धितोले नखामेको वक्यौता ऋण रकम असुलउपर गरिने छ। उल्लेखित मितिमा बोलपत्र एवम् लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरिलिन सकिनेछ।

**तपसिल**

| ऋणीको फोटो | ऋणी सदस्यको विवरण | जमानीको फोटो | जमानीको विवरण |
|---|---|---|---|
|  | सदस्यता नं. : ८०१<br>१. **नाम : लाल बहादुर गुरुङ**<br>जन्म मिति : २०११/०३/०३<br>ना.प्र.नं. : ३४०<br>जारी मितिः : २०३७/०३/०३<br>बाबु /पत्नी : धनराज गुरुङ<br>बाजे/ससुरा : पर्त सि गुरुङ<br>ठेगाना : खिलुङ देउराली-६, स्याङ्जा<br>हाल : पोखरा १०, कास्की<br>सम्पर्क नं : ९८५६०२६६४७ | <br> | १. **नाम : देउकुमारी गुरुङ**<br>जन्म मिति : २०१५/०४/१२<br>ना.प्र.नं. : ४९०६<br>जारी मितिः : २०४५/०१/०६<br>बाबु /पत्नी : लाल बहादुर गुरुङ<br>बाजे/ससुरा : धनराज गुरुङ<br>ठेगाना : खिलुङ देउराली ६ स्याङ्जा<br>हाल : पोखरा १० कास्की<br>सम्पर्क नं : ९८०४१२७२१६<br>१. **नाम : धन बहादुर गुरुङ**<br>जन्म मिति : २०३७/११/०५<br>ना.प्र.नं. : ५३३७४<br>जारी मिति : २०५६र०५र०३<br>बाबु/पत्नी : लाल बहादुर गुरुङ<br>बाजे/ससुरा : धनराज गुरुङ<br>ठेगाना : खिलुङ देउराली ६ स्याङ्जा<br>हाल : पोखरा १० कास्की<br>सम्पर्क नं : ९८१६६५२९११ |

**धितो विवरण**ः धितो विवरणः लाल बहादुर गुरुङको नाममा मालपोत कार्यलय कास्की र तनँहुमा दर्ता श्रेस्ता कायम रहेको रुपाकोट-१ कास्की कि न.२९२३, २९२१ क्षेत्रफल ०-३-२-०, ०-२-२-२ रोपनी, फराकचौर-५ ख तनहुँ कि.न.७१९, क्षेत्रफल १-१२-०-२ रोपनी केशबटार ६ क तनहुँ कि.न.३०८, क्षेत्रफल ५-८-०-० रोपनी

**लिलाम बिक्री तथा बोलपत्र सम्बन्धी अन्य शर्त बन्देजहरु :**

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी रकम कबोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्ने छ।
२. लिलाम सकार गर्ने ब्यक्तिले सहकारी संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पति बुझि लिनु पर्ने छ। नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसाबमा बाधिने छ।
३. उल्लेखित सम्पती लिइसकेपछि सो को सम्पूर्ण जवाफदेही स्वयम् खरिदकर्ताको हुनेछ। धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन।
४. लिलाम सकार गर्ने ब्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलीपल्ट नबुझाएमा निज पछि सबैभन्दा बढि रकम बोल्ने ब्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
५. तोकिएको दिन बिदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ।
६. लिलाम बढाबढ गर्दा सबैभन्दा बढि अंक बोल्ने ब्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने लिलाम गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
७. लिलाम बिक्री हुने सम्पत्तिको सम्बन्धित कागजपत्रहरु हेर्न चाहनु हुने महानुभाबहरुले यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ। उक्त सम्पत्ती जहाँ जे जस्तो अवस्थामा र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ।
८. सूचना प्रकाशित भएको मितिले १६ औं दिन संस्थाको प्रधान कार्यलयमा दिनको ठिक ३ बजे लिलाम बढाबढ हुनेछ।
९. धितो लिलाम सकार गर्न संस्थाबाट रु १०००/ तिरी लिलाम फारम रितपूर्वक भरि संस्थामा बुझाउनु पर्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पतीको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर रजिष्ट्रेसन दस्तुर सम्पती कर स्थानीय कर र धारा विजुलीको शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वम्ले ब्यर्होनु पर्नेछ।
१२. सहकारी ऐन, संस्थाको विनियम तथा ऋण लगानी तथा असुली नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी यस संस्थाले उक्त सम्पतिको स्वामित्व आफुले लिन सक्नेछ।
१३. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा धन जमानीको नाममा रहेको अन्य चल अचल सम्पति घर घरानाबाट समेत असुल उपर गरिनेछ साथै निजको एकाघरको नाममा रहेको चलअचल सम्पति रोक्का राखी सोबाट समेत असुल उपर गरिनेछ।
१४. अन्य सर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन २०७४ अनुसार बनेका नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ।
१५. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी रकम फिर्ता दिइने छ। धरौटी रहेको रकम फिर्ता गर्नुपर्दा ब्याज प्रदान गरीने छैन।

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
**प्रधान कार्यालयः पोखरा-५, जिरो कि. मि.**
**फोनः ०६१-५७३३७५, ५७२२३६**